जि.प्रशा.का, बारा दर्ता नं. :- ८७/२०७८/०७९

जिल्ला हुलाक, बारा दर्ता नं. :- १७/२०७८/०७९

"समाचारले टुटछ ठूला-ठूलाको दंभ, त्यसकारण बजारमा आएको छ शुभआरम्भ"

# शुभ आरम्भ

Shubharambh National Daily राष्ट्रिय दैनिक

वर्ष ५ | अंक २८८ | २०८३ साल जेठ २१ गते बिहीवार | Thursday-04-June-2026 | पृष्ठ संख्या-४ | मूल्य रू.५/-

## जितपुर-सिमरा उपमहानगरपालिकाको बेरूजु एक अर्ब नाघ्यो, एक वर्षमै थपियो १३ करोडभन्दा बढी

***शु.आ. सम्बाददाता***
***बारा, २० जेठ***

जितपुर-सिमरा उपमहानगरपालिकाको बेरुजु रकम एक अर्ब रुपैयाँ नाघेको पाइएको छ । महालेखा परीक्षकको कार्यालयले हालै सार्वजनिक गरेको आर्थिक वर्ष २०८१/०८२ को प्रतिवेदनअनुसार उपमहानगरपालिकाको कुल बेरुजु रकम एक अर्ब १ करोड ८० लाख ६६ हजार ५७२ रुपैयाँ पुगेको छ ।




प्रतिवेदनले उपमहानगरपालिकाको वित्तीय अनुशासन, खर्च व्यवस्थापन तथा सार्वजनिक स्रोत-साधनको उपयोगप्रति गम्भीर प्रश्न उठाएको छ । आर्थिक वर्ष २०८१/०८२ मा मात्र १३ करोड ३ लाख २५ हजार ८५३ रुपैयाँ नयाँ बेरुजु थपिएको उल्लेख गरिएको छ, जसले आर्थिक पारदर्शिता र जवाफदेहितामाथि थप चिन्ता बढाएको छ ।

महालेखा परीक्षकको प्रतिवेदनअनुसार आर्थिक वर्ष २०८०/०८१ सम्म उपमहानगरपालिकाको कुल बेरुजु ९० करोड ३२ लाख ५५ हजार ९२८ रुपैयाँ रहेको थियो । गत आर्थिक वर्षमा केही बेरुजु फछ्र्यौट गरिए पनि नयाँ बेरुजु थपिने क्रम रोकिएको देखिएको छैन । प्रतिवेदनमा आर्थिक वर्ष २०८१/०८२ मा १ करोड ५५ लाख १५ हजार २०९ रुपैयाँ बेरुजु फछ्र्यौट गरिएको उल्लेख छ ।

बेरुजु भनेको सरकारी निकायले कानुन, नियम र प्रक्रिया अनुरूप खर्च गरेको प्रमाण पेश गर्न नसकेको वा वित्तीय अनियमितताको आशंका देखिएको रकम हो । स्थानीय तहमा बेरुजु बढ्दै जानु वित्तीय सुशासनका दृष्टिले सकारात्मक संकेत मानिँदैन । विशेषगरी एक अर्बभन्दा बढी बेरुजु कायम हुनु स्थानीय सरकारको आर्थिक व्यवस्थापनमाथि गम्भीर समीक्षा आवश्यक रहेको संकेतका रूपमा हेरिएको छ ।

विज्ञहरूका अनुसार बेरुजु रकम बढ्नुमा खरिद प्रक्रिया, योजना कार्यान्वयन, भुक्तानी प्रक्रिया तथा लेखा व्यवस्थापनमा देखिएका कमजोरीहरू मुख्य कारण हुन सक्छन् । उनीहरूले बेरुजु फछ्र्यौटलाई प्राथमिकतामा राख्दै वित्तीय अनुशासन कडाइका साथ लागू गर्नुपर्ने सुझाव दिएका छन् ।

महालेखा परीक्षकको प्रतिवेदन सार्वजनिक भएसँगै उपमहानगरपालिकाले बेरुजु फछ्र्यौटका लागि विशेष कार्ययोजना बनाउने अपेक्षा गरिएको छ । स्थानीयवासी तथा सरोकारवालाहरूले पनि सार्वजनिक रकमको पारदर्शी र प्रभावकारी उपयोग सुनिश्चित गर्न जिम्मेवार निकायको ध्यानाकर्षण गराएका छन् ।

एक अर्बभन्दा बढी बेरुजु कायम हुनु जितपुर-सिमरा उपमहानगरपालिकाका लागि मात्र नभई समग्र स्थानीय तहको वित्तीय सुशासनका लागि पनि चिन्ताको विषय बनेको छ ।

## कलैयामा प्रमुख प्रशासकीय अधिकृतका रुपमा सहसचिव रेशमलाल कडेलको पदभार ग्रहण

***शु.आ. सम्बाददाता***
***कलैया, २० जेठ***

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको जेठ ११ गतेको निर्णयअनुसार वीरगञ्ज महानगरपालिकाबाट सरुवा भई कलैया उपमहानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतका रूपमा आउनुभएका सहसचिव रेशमलाल कडेलले बुधबार पदभार ग्रहण गर्नुभएको छ । उपमहानगरपालिकामा आयोजित एक विशेष कार्यक्रममा नगर प्रमुख विनोद साहले उहाँलाई खादा तथा पुष्पगुच्छा प्रदान गर्दै स्वागत गर्नुभएको थियो ।



स्वागत कार्यक्रममा बोल्दै नगर प्रमुख साहले कलैया उपमहानगरपालिकालाई सुशासन, पारदर्शिता र प्रभावकारी सेवा प्रवाहको नमुना स्थानीय तहका रूपमा स्थापित गर्ने लक्ष्य रहेको बताउनुभयो । त्यसका लागि अनुभवी प्रशासकका रूपमा कडेलको आगमनले प्रशासनिक कार्यसम्पादनलाई थप व्यवस्थित, उत्तरदायी र परिणाममुखी बनाउन महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गर्नुभयो । उहाँले जनप्रतिनिधि र कर्मचारीबीचको समन्वयलाई सुदृढ गर्दै विकास निर्माणका कार्यलाई तीव्रता दिनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

नवनियुक्त प्रमुख प्रशासकीय अधिकृत कडेलले आफूले स्थानीय सरकारको भावनाअनुसार नागरिकमैत्री, पारदर्शी र जवाफदेही प्रशासन सञ्चालनमा विशेष ध्यान दिने प्रतिबद्धता जनाउनुभयो । उहाँले सेवा प्रवाहलाई चुस्त, दुरुस्त र प्रभावकारी बनाउँदै नागरिकले सहज रूपमा सरकारी सेवा प्राप्त गर्न सक्ने वातावरण निर्माण गर्ने बताउनुभयो । साथै विकास आयोजना तथा योजनाहरूको कार्यान्वयनमा कानुनी प्रक्रिया, वित्तीय अनुशासन र सुशासनलाई प्राथमिकतामा राखेर काम गर्ने धारणा राख्नुभयो ।

कार्यक्रममा उपमहानगरपालिकाका जनप्रतिनिधि, शाखा प्रमुख, कर्मचारी तथा विभिन्न क्षेत्रका सरोकारवालाको उपस्थिति रहेको थियो । सहभागीहरूले अनुभवी प्रशासकका रूपमा परिचित कडेलको आगमनसँगै उपमहानगरपालिकाको प्रशासनिक संयन्त्र थप सक्रिय, व्यवस्थित र प्रभावकारी बन्ने अपेक्षा व्यक्त गरेका थिए । कलैया उपमहानगरपालिका पछिल्लो समय सेवा प्रवाह, पूर्वाधार विकास, राजस्व व्यवस्थापन तथा संस्थागत सुदृढीकरणका विभिन्न चुनौतीसँग जुधिरहेको अवस्थामा सहसचिव कडेलको आगमनलाई प्रशासनिक नेतृत्व सुदृढ गर्ने अवसरका रूपमा हेरिएको छ । उपमहानगरपालिकाको समग्र विकास, सुशासन प्रवर्द्धन तथा जनअपेक्षाअनुसारको सेवा प्रवाहमा उहाँको कार्यकाल महत्वपूर्ण रहने विश्वास स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीहरूले व्यक्त गरेका छन् ।

## सरकारी विद्यालय सुधार्नुपर्नेमा अभिभावकमाथि करको भार थपिनु दुःखद : उमेश दुबे

***शु.आ. सम्बाददाता***
***कलैया, २० जेठ***

युवा नेता उमेश दुबेले सरकारी विद्यालयको गुणस्तर सुधार गर्नुपर्ने बेला निजी विद्यालयमा अध्ययनरत विद्यार्थीका अभिभावकमाथि थप आर्थिक भार थोपर्ने नीति उपयुक्त नहुने बताएका छन् । सामाजिक सञ्जालमार्फत आफ्नो धारणा सार्वजनिक गर्दै उनले शिक्षा क्षेत्रका समस्या समाधानका लागि कर वृद्धि नभई सरकारी विद्यालयको सुधार नै दीर्घकालीन उपाय रहेको उल्लेख गरेका छन् ।



दुबेले निजी विद्यालयमा अध्ययन गरिरहेका विद्यार्थीका अभिभावकहरू रहरले नभई बाध्यतावश त्यहाँ छोराछोरी पढाउन विवश भएको बताएका छन् । गुणस्तरीय शिक्षा, नियमित पठनपाठन र भविष्यको चिन्ताका कारण अभिभावकहरूले आर्थिक बोझ सहेर पनि निजी विद्यालय रोज्नुपरेको उनको भनाइ छ ।

उनले हरेक वर्ष पाठ्यपुस्तक परिवर्तन, विद्यालय पोशाक परिवर्तन, बढ्दो मासिक शुल्क तथा अन्य अतिरिक्त खर्चले अभिभावकहरू आर्थिक रूपमा थिचिँदै गएको उल्लेख गरेका छन् । यस्तो अवस्थामा थप कर लगाउने निर्णयले हजारौं परिवारको आर्थिक अवस्था झन् कठिन बन्ने उनले बताएका छन् ।

सामाजिक सञ्जालमा व्यक्त विचारमा दुबेले अधिकांश अभिभावकको वास्तविक चाहना निजी विद्यालय नभई गुणस्तरीय सरकारी विद्यालय रहेको उल्लेख गरेका छन् । "अभिभावकहरू आज पनि एउटा आशामा छन्– सरकारी विद्यालय कहिले सुध्रिने ? कहिले आफ्ना छोराछोरीले सहज, सुलभ र गुणस्तरीय शिक्षा पाउने ?" भन्ने प्रश्न समाजमा अझै जीवित रहेको उनले उल्लेख गरेका छन् ।

उनले शिक्षा कुनै व्यापारिक वस्तु नभई प्रत्येक बालबालिकाको मौलिक अधिकार भएको बताएका छन् । त्यसैले शिक्षा क्षेत्रमा कर थपेर अभिभावकमाथि दबाब सिर्जना गर्नुको सट्टा सरकारी विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि, दक्ष शिक्षकको व्यवस्था, प्रभावकारी व्यवस्थापन तथा आधुनिक शिक्षण प्रणाली विकासमा राज्यले ध्यान दिनुपर्ने उनको जोड छ । दुबेले विद्यार्थीको भविष्यसँग प्रत्यक्ष सरोकार राख्ने विषयमा सरकारले संवेदनशील भएर निर्णय लिनुपर्ने बताएका छन् । अभिभावकको पीडा र विद्यार्थीको आवश्यकता बुझेर शिक्षा क्षेत्रलाई सुधारतर्फ केन्द्रित नीति अवलम्बन गर्नुपर्ने उनको भनाइ छ ।

उनले बलियो शिक्षा प्रणालीबिना समृद्ध समाज निर्माणको कल्पना गर्न नसकिने उल्लेख गर्दै शिक्षा क्षेत्रलाई राजनीतिक बहसभन्दा माथि उठाएर राष्ट्रिय प्राथमिकताको विषय बनाउनुपर्ने आवश्यकता औंल्याएका छन् । सामाजिक सञ्जालमार्फत व्यक्त उनको धारणाले शिक्षा नीति, सरकारी विद्यालयको अवस्था तथा अभिभावकको बढ्दो आर्थिक बोझबारे नयाँ बहस सुरु गराएको छ ।

## हत्या मुद्दाका फरार अभियुक्त तिन वर्षपछि पक्राउ

***शु.आ. सम्बाददाता***
***कलैया, २० जेठ***

हत्या अभियोगमा लामो समयदेखि फरार रहेका एक भारतीय नागरिकलाई बारा प्रहरीले पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय बाराको अनुसार हत्या घटनापछि फरार रहेका अभियुक्तलाई पक्राउ गरीएको छ ।




जिल्ला प्रहरी कार्यालय बाराको प्रवक्ता एवम् प्रहरी नायब उपरीक्षक मिनबहादुर घलेका अनुसार इलाका प्रहरी कार्यालय सिम्रौनगढबाट प्रहरी निरीक्षक राजिव यादवको कमाण्डमा खटिएको टोलीले विशेष सूचनाको आधारमा भारतको बिहार राज्य मोतिहारी जिल्ला निवासी ३० वर्षीय रोहित मुखियालाई पक्राउ गरेको हो । रोहित मुखियामाथि २०८० असोज ०९ गते बारा जिल्लाको पचरौता नगरपालिका-६ पकडिया स्थित लक्ष्मिनिया पोखरीको डिलमा अजित कुमार सिंहमाथि गोली प्रहार गरी हत्या गरेको आरोप रहेको प्रवक्ता घलेले जानकारी दिएका छन् ।घटनापछि उनी फरार रहँदै आएका थिए ।

प्रहरीले लामो समयदेखि अभियुक्तको खोजी कार्य जारी राखेको थियो । अनुसन्धानका क्रममा प्राप्त सूचनाका आधारमा उनलाई पचरौता नगरपालिका-४ बेल्दरी क्षेत्रमा फेला पारेर नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ । हत्या जस्तो गम्भीर आपराधिक घटनामा संलग्न रहेको आरोप लागेका अभियुक्तलाई पक्राउ गर्न सफल भएको भन्दै प्रहरीले यसलाई अनुसन्धानको महत्वपूर्ण उपलब्धिका रूपमा लिएको छ । पक्राउ परेका मुखियालाई आवश्यक अनुसन्धान तथा कानुनी कारबाही अगाडि बढाईएको जानकारी समेत प्रवक्ता घलेले दिएका छन् ।

पछिल्लो समय सीमा क्षेत्रमा हुने आपराधिक गतिविधि नियन्त्रण तथा फरार अभियुक्त पक्राउ अभियानलाई प्रहरीले तीव्रता दिएको छ । यस क्रममा विभिन्न अपराधमा संलग्न व्यक्तिहरूलाई पक्राउ गरी कानुनी कारबाहीको दायरामा ल्याउने कार्य जारी रहेको प्रहरीले जनाएको छ ।

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - देवताल गाउँपालिका

## शुभ आरम्भ राष्ट्रिय दैनिकका लागी

प्रकाशक : अनिल पाण्डेय
प्रधान सम्पादक : दिपेन्द्र कुमार उपाध्याय
सम्पादक : श्याम बिहारी साह केशरी
कार्यकारी सम्पादक : उमेश दुबे
समाचार सम्पादक : आ.के. ठाकुर
कानुनी सल्लाहकार : प्रभातचन्द्र दाहाल
कम्प्यूटर अपरेटर : कृष्णा गुप्ता
सम्पर्क नम्बर : ९८४५२२६३०५
सम्पर्क कार्यालय : कलैया-१४, बघवन (बारा)
मुद्रक : बारा प्रिन्टिङ्ग प्रेस, कलैया (बारा)

shubharambhdaily@gmail.com


## सम्पादकीय..........

# आरोपमाथि मौनता किन ?

लोकतान्त्रिक शासन व्यवस्थामा सुरक्षा निकायप्रतिको जनविश्वास राज्यको सबैभन्दा महत्वपूर्ण पूँजी हो । नागरिकको जिउधनको सुरक्षा, कानुनको कार्यान्वयन र शान्ति व्यवस्था कायम गर्ने जिम्मेवारी बोकेको प्रहरी संगठनमाथि नै अवैध आर्थिक असुलीका आरोप लाग्नु सामान्य विषय होइन । झन् ती आरोपहरु लामो समयदेखि दोहोरिँदै आएका छन् भने त्यसलाई थप गम्भीरतापूर्वक लिनु आवश्यक हुन्छ । बारा जिल्लाको जितपुर क्षेत्रमा इलाका प्रहरी कार्यालयका केही प्रहरी अधिकारीमाथि व्यवसायी र ट्रान्सपोर्ट व्यवसायीहरुले आर्थिक दबाब तथा अवैध रकम असुलीको आरोप लगाएका छन् । आरोप अनुसार रकम दिन अस्वीकार गर्ने व्यवसायीलाई सवारी साधन रोक्ने, मालसामान नियन्त्रणमा लिने वा विभिन्न बहानामा दुःख दिने कार्य भइरहेको छ । यस्ता आरोप सत्य भए यो केवल व्यक्तिगत अनियमितताको विषय मात्र होइन, सम्पूर्ण प्रहरी संगठनको छविसँग जोडिएको गम्भीर प्रश्न हो ।

अझ चिन्ताको विषय के छ भने यस्ता आरोपहरु सार्वजनिक भइरहँदा पनि सम्बन्धित निकायबाट न त स्पष्ट खण्डन आएको छ, न निष्पक्ष छानबिनको औपचारिक जानकारी नै सार्वजनिक भएको छ । मौनता स्वयंमा समाधान होइन । आरोप निराधार छन् भने सम्बन्धित अधिकारी र निकायले तथ्यसहित सार्वजनिक रुपमा आफ्नो धारणा राख्नुपर्छ । यदि आरोपमा सत्यता छ भने दोषीमाथि कानुनबमोजिम कडा कारबाही हुनुपर्छ । दुवै अवस्थामा सत्य बाहिर आउनु नै सबैभन्दा आवश्यक कुरा हो ।

प्रहरीमाथि जनविश्वास कायम राख्ने एकमात्र उपाय पारदर्शिता र जवाफदेहिता हो । कुनै पनि संगठन आलोचनाभन्दा माथि हुँदैन । तर आलोचनाको उत्तर अनुसन्धान र तथ्यबाट दिन सक्नुपर्छ । विशेषगरी भ्रष्टाचार वा आर्थिक चलखेलसँग सम्बन्धित आरोपहरुलाई बेवास्ता गर्दा जनतामा शंका झन् बढ्दै जान्छ र संस्थाप्रतिको विश्वास कमजोर बन्छ ।

आज उठेको प्रश्न केही व्यापारीको गुनासोमा मात्र सीमित छैन । यो राज्यका सुरक्षा निकायहरु कति पारदर्शी र उत्तरदायी छन् भन्ने विषयसँग प्रत्यक्ष रुपमा जोडिएको छ । प्रदेश प्रहरी कार्यालय, जिल्ला प्रहरी कार्यालय, गृह मन्त्रालय तथा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले यस विषयमा निष्पक्ष र स्वतन्त्र छानबिन अघि बढाउनु आवश्यक छ ।

लोकतन्त्रमा कुनै पनि व्यक्ति वा संस्था प्रश्नभन्दा माथि हुँदैन । आरोप सत्य भए कारबाही हुनुपर्छ, असत्य भए तथ्य सार्वजनिक गरी निर्दोषलाई न्याय दिनुपर्छ । अन्यथा मौनताले शंकालाई अझ बलियो बनाउनेछ । जितपुरमा उठेको विवादको समाधान अब अनुमान वा आरोप-प्रत्यारोपले होइन, निष्पक्ष अनुसन्धान र सत्य तथ्यको सार्वजनिक प्रस्तुतिबाट मात्र सम्भव छ ।

# आर्थिक रुपान्तरणका लागि पूर्वाधार



*गोपीकृष्ण ढुंगाना*

नेपालको आर्थिक समृद्धिको सपना साकार पार्न पूर्वाधार क्षेत्रमा आमूल सुधारको खाँचो छ ।

कुनै पनि मुलुकको आर्थिक, सामाजिक र औद्योगिक रूपान्तरणको मुख्य जग भनेकै बलियो भौतिक पूर्वाधार हो । नेपालले पहिलोपटक पूर्वाधार विकासका लागि कुल बजेटको सर्वाधिक लगानी अर्थात् ३ खर्ब ३ अर्ब रुपैयाँ जति खर्च गर्ने बजेटमार्फत जनाएको छ । जसले अब नेपालको पूर्वाधारको जग बसाल्ने निश्चित छ ।

१. समृद्धिको प्रस्थानविन्दु भौतिक पूर्वाधार : यातायात, ऊर्जा, सञ्चार, सिँचाइ र सहरीकरणजस्ता भौतिक अवयवहरू बिना आर्थिक वृद्धिको कल्पना पनि गर्न सकिँदैन । नेपाल हाल अल्पविकसित मुलुकको श्रेणीबाट स्तरोन्नति हुने महत्वपूर्ण संघारमा छ । सन् २०३० सम्ममा संयुक्त राष्ट्रसंघको दिगो विकास लक्ष्य हासिल गर्ने र मध्यम आय भएको मुलुक बन्ने राष्ट्रिय संकल्प छ । तर, यो संकल्प तब मात्र साकार हुन्छ, जब हाम्रा उत्पादनका केन्द्रहरू र बजारलाई जोड्ने भौतिक पूर्वाधार सुदृढ, आधुनिक र भरपर्दो बन्छन् । नेपालको सन्दर्भमा पूर्वाधार विकास केवल प्राविधिक निर्माणमात्र होइन, यो क्षेत्रीय असमानता हटाउने र गरिबी निवारण गर्ने सबैभन्दा शक्तिशाली आर्थिक औजार पनि हो ।

२. नेपालमा पूर्वाधारको यथार्थ : लगानीको खाडल र पुँजीगत खर्चको संकट

नेपालको भौतिक पूर्वाधार विकासको सबैभन्दा ठूलो चुनौती 'लगानीको खाडल' र विनियोजित पुँजीको कमजोर खर्च क्षमता हो । विश्व बैंक र राष्ट्रिय योजना आयोगका विभिन्न प्रतिवेदनका अनुसार नेपालले दिगो विकास लक्ष्य हासिल गर्न र पूर्वाधारको न्यूनता पूर्ति गर्न वार्षिक रूपमा कुल गार्हस्थ्य उत्पादनको कम्तीमा १५ देखि २० प्रतिशतसम्म भौतिक पूर्वाधारमा लगानी गर्नुपर्छ । रुपैयाँका हिसाबले यो वार्षिक खर्बौंको खाडल हो, जुन हालको सरकारी बजेटको आकारले मात्र धान्न असम्भव प्रायः छ ।

स्रोतको यो अभाव एकातिर छ भने अर्कोतिर उपलब्ध सीमित पुँजीगत बजेट समेत खर्च हुन नसक्नु नेपालको पुरानो रोग हो । आर्थिक वर्षको सुरुआती १० महिनासम्म पुँजीगत खर्च ३० देखि ४० प्रतिशतको हाराहारीमा घुमिरहने र आर्थिक वर्षको अन्त्य अर्थात् जेठ र असार महिनामा मात्रै हतार-हतार ठूलो रकम खर्च गर्ने प्रवृत्ति व्याप्त छ । यस प्रकारको 'असारे विकास'ले बजेट त सकाउँछ, तर यसले निर्माण गर्ने पूर्वाधारको गुणस्तर अत्यन्तै कमजोर हुन्छ, टिकाउ हुँदैन । सार्वजनिक वित्त व्यवस्थापनको यो चक्रगत कमजोरीले एकातिर राज्यको पैसा उत्पादक क्षेत्रमा बेलैमा परिचालन हुन पाउँदैन भने अर्कोतिर वैदेशिक सहायता र ऋणको प्रतिफल पनि मुलुकले लिन सकिरहेको छैन ।

पूर्वाधार निर्माणलाई राजनीतिक भागबन्डा र दलीय स्वार्थभन्दा माथि राखेर 'राष्ट्रिय प्रतिबद्धता'को विषय बनाइनुपर्छ । समयमै र गुणस्तरीय रूपमा आयोजना सम्पन्न गर्ने ठेकेदार र आयोजना प्रमुखलाई पुरस्कृत गर्ने तथा ढिलासुस्ती गर्नेलाई कडा दण्ड दिने कानुनी सुनिश्चितता नभएसम्म 'पूर्वाधारको कछुवा गति' सुध्रिने छैन । सिंगापुर र जापानजस्ता मुलुकको प्रविधि, स्विट्जरल्यान्डको पहाडी सञ्जालको मोडल र आफ्नै माटो सुहाउँदो बायो-इन्जिनियरिङ प्रविधिलाई आत्मसात् गर्दै अघि बढेमा मात्र नेपालले वास्तविक आर्थिक रूपान्तरणको मार्ग समात्न सक्नेछ । उल्लंघन गरी डोल्मालाई अवैध रूपमा छुट दिइएको अदालतको प्रारम्भिक ठहर छ ।

३. विश्वका पाँच उत्कृष्ट देशको पूर्वाधार विकास गाथा र सिकाइ

पूर्वाधारमा दूरदर्शी लगानी गरेर संसारकै आर्थिक शक्ति बनेका मुलुकहरूको सफलताको कथा नेपालका लागि निकै अनुकरणीय हुन सक्छ । यस सन्दर्भमा पहिलो उदाहरणीय एसियाली मुलुक सिंगापुर हो । सिंगापुरको यो मोडेलबाट नेपालले दीर्घकालीन गुरुयोजना निर्माण गर्ने र ठूला विकास आयोजनाहरूलाई राजनीतिक हस्तक्षेपभन्दा टाढा राखेर कसरी कुशल व्यवस्थापन गर्ने भन्ने महत्वपूर्ण सिकाइ प्राप्त गर्न सक्छ । त्यस्तै, अर्को एसियाली शक्ति जापानले भूकम्पप्रतिरोधी प्रविधि र संसारकै अत्याधुनिक बुलेट ट्रेन सञ्जालको विकास गरेर पूर्वाधारमा नयाँ क्रान्ति ल्याएको छ । नेपालजस्तो भौगर्भिक जोखिम भएको देशका लागि जापानले अपनाएको प्रविधिको उच्चतम् उपयोग गर्ने शैली र तोकिएकै समयमा आयोजना सम्पन्न गर्ने समयबद्ध निर्माण संस्कृति निकै उपयोगी हुन सक्छ ।

युरोपतर्फ हेर्दा, पहाडी मुलुक स्विट्जरल्यान्डले आफ्नो कठिन भौगोलिक बनावट र अल्प्स पर्वतको चुनौतीका बाबजुद पनि अत्यन्तै भरपर्दो र पर्यावरणमैत्री रेल सञ्जाल खडा गरेको छ । नेपालको जस्तै पहाडी भूगोल भएको यो देशबाट हामीले प्रकृतिलाई थप विनाश नगरी आधुनिक सुरुङ मार्गको विकास कसरी गर्ने र पर्यावरणमैत्री यातायातको मोडल कसरी अपनाउने भन्ने कुरा सिक्न सक्छौं । अर्कोतिर, जल व्यवस्थापनमा संसारकै अग्रणी मानिने नेदरल्यान्ड्सले लगातारको बाढी नियन्त्रण, नदी तथा जलस्रोतको उचित व्यवस्थापन र जलवायु परिवर्तनसँग अनुकूलन हुने पूर्वाधार बनाउने सन्दर्भमा उक्त अनुभव नेपालका लागि एउटा बलियो मार्गदर्शक बन्न सक्छ ।

अन्त्यमा, युरोपको आर्थिक मेरुदण्ड मानिने जर्मनी आफ्नो द्रुत गतिको विश्वप्रसिद्ध राजमार्ग 'अटोबान' र सटिक औद्योगिक ढुवानी सञ्जालका लागि संसारभर चिनिन्छ । जर्मनीको यो सबल पक्षबाट नेपालले आफ्ना व्यापारिक मार्गहरूको सुदृढीकरण कसरी गर्ने र देशका प्रमुख औद्योगिक कोरिडोरहरूलाई यातायात सञ्जालसँग कसरी प्रभावकारी रूपमा जोड्ने भन्ने महत्वपूर्ण पाठ सिक्न जरुरी छ । जसलाई विस्तृत रूपमा बुझौं :-

क) सिंगापुर : सानो भूगोल, विशाल सोच : संसारकै सर्वोत्कृष्ट र आधुनिक पूर्वाधार भएको मुलुकमा सिंगापुर अग्रपंक्तिमा आउँछ । सन् १९६० को दशकमा मलेखजस्तै रहेको यो टापु राष्ट्रले पूर्वाधारलाई देशको अर्थतन्त्र बदल्ने मुख्य हतियार बनायो । सिंगापुरले आफ्नो चांगी विमानस्थल र बन्दरगाहलाई 'ग्लोबल हब'का रूपमा विकास गऱ्यो । यहाँको सार्वजनिक यातायात यति व्यवस्थित छ कि निजी सवारी साधनको आवश्यकतालाई यसले पूर्ण रूपमा प्रतिस्थापन गरिदिएको छ । सिंगापुरको सफलताको रहस्य भनेको 'भविष्यको ५० वर्षलाई हेरेर गरिने योजना' र शतप्रतिशत डिजिटल तथा स्वचालित प्रणाली हो ।

ख) जापान - प्रविधि र समयको सटिकता : भौगोलिक रूपमा नेपाल जस्तै पहाडी, टापु र भूकम्पीय जोखिमले भरिएको जापानले प्रविधिको बलमा पूर्वाधारमा चमत्कार गरेको छ । जापानको 'सिन्कान्सेन' (बुलेट ट्रेन) संसारकै सुरक्षित र समयमा विश्वासिलो यातायात प्रणाली मानिन्छ । सन् १९६४ देखि सञ्चालनमा आएको यो रेल प्रणालीमा अहिलेसम्म प्राविधिक त्रुटिका कारण एउटै मानवीय क्षति समेत भएको छैन । जापानले पूर्वाधार निर्माण गर्दा भूकम्प र प्राकृतिक विपद्लाई परास्त गर्ने उत्थानशील इन्जिनियरिङलाई प्राथमिकता दियो । विपद् व्यवस्थापन र पूर्वाधार कसरी सँगै लैजाने भन्ने उदाहरण जापानबाट सिक्न सकिन्छ ।

ग) स्विट्जरल्यान्ड - कठिन भूगोलमा अभेद्य सञ्जाल : युरोपको पहाडी मुलुक स्विट्जरल्यान्डको भूगोल नेपालसँग निकै मिल्दोजुल्दो छ । तर, उसले आफ्नो पहाडी अवस्थितिलाई कमजोरी होइन, शक्तिको रूपमा बदल्यो । स्विस सरकारले अल्प्स पर्वतका चट्टानहरू चिरेर संसारकै सबैभन्दा लामो सुरुङ मार्ग (गोटहार्ड बेस टनेल- ५७ किमि) निर्माण गऱ्यो । स्विट्जरल्यान्डको विशेषता के हो भने त्यहाँका दूरदराजका गाउँहरू पनि केन्द्रीय रेल र सडक सञ्जालसँग जोडिएका छन् । भूगोल कठिन हुँदैमा विकास रोकिँदैन भन्ने उदाहरण स्विस मोडेलले दिन्छ ।

घ) नेदरल्यान्ड्स- समुद्रसँग लडेर बनेको पूर्वाधार : नेदरल्यान्ड्सको झन्डै एक तिहाइ भूभाग समुद्रको सतहभन्दा मुनि छ । यो मुलुकले बाढी र समुद्री छालबाट बच्न संसारकै जटिल र उत्कृष्ट जल पूर्वाधार 'डेल्टा वर्क्स' निर्माण गऱ्यो । बाँध, स्लुइस गेट र समुद्री पर्खालहरूको यो सञ्जालले नेदरल्यान्ड्सलाई सुरक्षित मात्र बनाएको छैन, जल व्यवस्थापनमा आफूलाई संसारकै गुरु बनाएको छ । साथै, हरित पूर्वाधारअन्तर्गत यहाँ सवारी साधनभन्दा बढी साइकल लेन र वातावरणमैत्री सडक संरचनालाई प्राथमिकता दिइन्छ ।

ङ) जर्मनी - औद्योगिक कोरिडोरको लाइफलाइन : जर्मनीको आर्थिक मेरुदण्ड त्यहाँको 'अटोबान' राजमार्ग प्रणाली हो । कुनै गति सीमा नभएका खण्डहरूसमेत समावेश भएको यो राजमार्गले युरोपभरिको व्यापार र ढुवानीलाई द्रुत बनाएको छ । जर्मनीले आफ्ना औद्योगिक क्षेत्र, सडक, रेल र जलमार्गलाई यसरी एकीकृत गरेको छ कि सामान ढुवानीको लागत संसारकै न्यूनमध्येमा पर्छ ।

४. आयोजना कार्यान्वयनका नीतिगत र संरचनागत उल्झनहरू: विश्वका सफल देशहरूको अनुभव हेरिरहँदा नेपालको यथार्थ भने निराशाजनक देखिन्छ । नेपालमा राष्ट्रिय गौरवका आयोजनाहरू नै समय र लागतका हिसाबले ठूलो बोझ बनिरहेका छन् । मेलम्ची खानेपानी आयोजना, माथिल्लो तामाकोशी जलविद्युत् आयोजना वा काठमाडौं-तराई द्रुतमार्गजस्ता रणनीतिक आयोजना 'टाइम ओभररन' (समय थपिने) र 'कस्ट ओभररन' (लागत बढ्ने)को चपेटामा परेका छन् । यसका पछाडि मुख्य तीनवटा कारण छन् :-

अ. जग्गा प्राप्ति र मुआब्जाको विवाद : आयोजना सुरु हुनुभन्दा अगाडि जग्गाको विवाद नमिल्दा वर्षौंसम्म काम रोकिने गरेको छ ।

आ. कमजोर खरिद ऐन र 'लो-बिडिङ' : सार्वजनिक खरिद ऐनको कमजोरीका कारण सबैभन्दा कम रकम कबोल गर्ने तर काम गर्ने क्षमता नभएका ठेकेदारहरूले ठेक्का पाउँछन् र आयोजना अलपत्र पार्छन् ।

इ. वन क्षेत्रको क्लियरेन्स र वातावरणीय अल्झन : रुख कटानको स्वीकृति लिनमात्रै सरकारी अड्डामा महिनौं वा वर्षौं लाग्ने प्रशासनिक जटिलता छ ।यी नीतिगत छिद्रहरूका कारण पूर्वाधार निर्माणमा पारदर्शीताको अभाव र जवाफदेहिता शून्य प्रायः बन्न पुगेको छ ।

५. दिगोपन र जैविक प्रविधि : विकास र पर्यावरणको सन्तुलन वर्तमान समयमा पूर्वाधार विकास गर्दा पर्यावरणको रक्षा गर्नु अर्को अपरिहार्य सर्त हो । नेपालको पहाडी भूगोलमा जथाभावी डोजर चलाएर गरिने सडक निर्माण (डोजरे विकास)ले फाइदाभन्दा बढी पहिरो र धनजनको विनाश निम्त्याएको छ । यसले हाम्रा प्राकृतिक सम्पदा र ऐतिहासिक धरोहरहरूलाई समेत जोखिममा पारेको छ ।

त्यसैले अबको पूर्वाधार निर्माण 'हरियो' र 'दिगो' हुनुपर्छ । पहाडी सडकहरूको संरक्षण र पहिरो नियन्त्रणका लागि जैविक प्रविधि अर्थात् बायो-इन्जिनियरिङको प्रयोग अनिवार्य गरिनुपर्छ । रैथाने वनस्पतिको रोपण, भेटिभर र अम्रिसोजस्ता गहिरो जरा जाने घाँसको प्रयोग गरेर भिरालो जमिनलाई प्राकृतिक रूपमै स्थिर बनाउने यो प्रविधि नेपालका लागि सस्तो, वैज्ञानिक र पर्यावरणमैत्री छ । पूर्वाधार निर्माण गर्दा वन्यजन्तुका लागि 'अन्डरपास' वा 'ओभरपास' बनाउने, पानीका मुहानहरू संरक्षण गर्ने र भू-क्षय रोक्ने इन्जिनियरिङ डिजाइन आजको आवश्यकता हो ।

६. निष्कर्षमा अबको मार्गचित्र : नेपालको आर्थिक समृद्धिको सपना साकार पार्न पूर्वाधार क्षेत्रमा आमूल सुधारको खाँचो छ । सरकारले केवल परम्परागत बजेटमा मात्र भर नपरी सार्वजनिक-निजी साझेदारी, पूर्वाधार बन्ड र वैदेशिक प्रत्यक्ष लगानी भित्र्याउन कानुनी र नीतिगत सहजता प्रदान गर्नुपर्छ । आयोजना घोषणा गर्नुअघि नै जग्गा प्राप्ति र वातावरणीय प्रभाव मूल्यांकनको काम शतप्रतिशत सकिने प्रणाली स्थापना गरिनुपर्छ । सबैभन्दा महत्वपूर्ण कुरा, पूर्वाधार निर्माणलाई राजनीतिक भागबन्डा र दलीय स्वार्थभन्दा माथि राखेर 'राष्ट्रिय प्रतिबद्धता'को विषय बनाइनुपर्छ । समयमै र गुणस्तरीय रूपमा आयोजना सम्पन्न गर्ने ठेकेदार र आयोजना प्रमुखलाई पुरस्कृत गर्ने तथा ढिलासुस्ती गर्नेलाई कडा दण्ड दिने कानुनी सुनिश्चितता नभएसम्म 'पूर्वाधारको कछुवा गति' सुध्रिने छैन । सिंगापुर र जापानजस्ता मुलुकको प्रविधि, स्विट्जरल्यान्डको पहाडी सञ्जालको मोडल र आफ्नै माटो सुहाउँदो बायो-इन्जिनियरिङ प्रविधिलाई आत्मसात् गर्दै अघि बढेमा मात्र नेपालले वास्तविक आर्थिक रूपान्तरणको मार्ग समात्न सक्नेछ ।

-ढुंगाना, थाइल्यान्डस्थित पीएसयूबाट विकास र वातावरणमा विद्यावारिधि गर्दैछन् ।

व्यक्तिगत घटना जस्तै जन्मदर्ता, विवाहदर्ता, मृत्यु दर्ता तथा सम्बन्ध बिच्छेद समयमै सम्बन्धित कार्यालयमा गई दर्ता गराऔं ।
फेटा गाउँपालिका, फेटा, बारा

समृद्ध नेपाल, सुखी नेपाली' दीर्घकालीन राष्ट्रिय आकांक्षा हो । राष्ट्रिय आकांक्षा पूरा गर्न हामी पनि योगदान गरौं । - सिम्रौनगढ नगरपालिका

## अन्तराष्ट्रिय समाचार

# ऊर्जा संकटबीच जापानको नवीकरणीय ऊर्जा विस्तारमा जोड



***एजेन्सी-*** जापान सरकारले बढ्दो ऊर्जा मूल्य र मध्यपूर्वमा जारी तनावका प्रभावलाई सम्बोधन गर्न ३.११ खर्ब येन (झण्डै १९.५ अर्ब अमेरिकी डलर) बराबरको अतिरिक्त बजेटको प्रारम्भिक मस्यौदा स्वीकृत गरेको छ । मन्त्रिपरिषद्ले बुधबार उक्त बजेट पारित गरेको हो। यसलाई संसदबाट शुक्रबारसम्म अनुमोदन गरिने अपेक्षा गरिएको छ। विश्लेषकहरूले सरकारी खर्च बढ्नुले आर्थिक चुनौती र मुद्रास्फीतिसम्बन्धी चिन्ता बढाएको बताएका छन्, किनभने चालु आर्थिक वर्ष सुरु भएको दुई महिनाभित्रै अतिरिक्त बजेट ल्याइएको हो ।

नयाँ बजेटअन्तर्गत २.५ खर्ब येनको आपतकालीन कोष स्थापना गरिनेछ, जसको मुख्य उद्देश्य ऊर्जा मूल्यमा भएको तीव्र वृद्धिलाई नियन्त्रण गर्नु र पेट्रोलियम अनुदानलाई निरन्तरता दिनु हो। सरकारले मार्चदेखि नै खुद्रा पेट्रोल मूल्य करिब १७० येन प्रति लिटरमा सीमित राख्न तेल वितरकहरूलाई अनुदान दिँदै आएको छ ।

यसका लागि वित्तीय वर्ष २०२५ को आपतकालीन कोषबाट करिब ८०० अर्ब येन प्रयोग गरिएको छ । हाल उक्त कोषको मौज्दात घट्दै गएको र आगामी महिनामा सकिने जोखिम रहेको बताइएको छ ।

अतिरिक्त बजेटअन्तर्गत जुलाईदेखि सेप्टेम्बरसम्म घरपरिवारलाई ऊर्जा खर्चमा राहत दिन ५१३.५ अर्ब येन छुट्याइएको छ । साथै, स्थानीय तहहरूले आफ्नै आवश्यकताअनुसार प्रयोग गर्न सक्ने गरी १०० अर्ब येन पनि विनियोजन गरिएको छ, जसबाट तरल पेट्रोलियम ग्यास र उच्च भोल्टेज विद्युत् प्रयोग गर्ने उपभोक्ता तथा व्यवसायहरूलाई सहयोग गरिनेछ।

जापानले मध्यपूर्वबाट ठूलो मात्रामा कच्चा तेल आयात गर्ने भएकाले त्यहाँको अस्थिरताले ऊर्जा आपूर्तिमा प्रत्यक्ष असर पार्ने चिन्ता बढेको छ। यही कारण सरकारमाथि मूल्य नियन्त्रण र आर्थिक स्थायित्वका लागि अतिरिक्त बजेट ल्याउने दबाब बढ्दै गएको बताइएको छ ।

आर्थिक सहयोग तथा विकास संगठनले सार्वजनिक गरेको पछिल्लो आर्थिक प्रतिवेदन अनुसार विश्व अर्थतन्त्र आगामी वर्षहरूमा सुस्त गतिमा अघि बढ्ने देखिएको छ । सन् २०२५ मा विश्व आर्थिक वृद्धि करिब ३.४ प्रतिशत रहने अनुमान गरिएको छ भने सन् २०२६ मा यो दर घटेर २.८ प्रतिशतमा झर्नेछ । त्यसपछि सन् २०२७ मा विश्व अर्थतन्त्र केही सुधार गर्दै ३.१ प्रतिशतको वृद्धिदरमा पुग्ने अपेक्षा गरिएको छ । यो अनुमानले विश्व अर्थतन्त्रले अल्पकालीन दबाबको सामना गर्ने तर दीर्घकालीन रूपमा क्रमिक पुनःस्थापनाको सम्भावना रहेको संकेत गर्दछ ।

प्रतिवेदनमा उल्लेख गरिएअनुसार, सन् २०२६ को सुरुआतमा विश्व अर्थतन्त्र अपेक्षाभन्दा केही बलियो देखिए पनि मध्यपूर्व क्षेत्रमा जारी तनाव र द्वन्द्वले विश्व आर्थिक दृष्टिकोणलाई प्रमुख रूपमा प्रभावित गरिरहेको छ । यो द्वन्द्वले ऊर्जा बजार, आपूर्ति शृङ्खला, लगानी वातावरण र अन्तर्राष्ट्रिय व्यापारमा प्रत्यक्ष तथा अप्रत्यक्ष असर पारिरहेको छ, जसका कारण विश्व आर्थिक स्थायित्वमा अनिश्चितता बढेको छ ।

आर्थिक सहयोग तथा विकास संगठनले यस परिस्थितिलाई ध्यानमा राख्दै दुई सम्भावित परिदृश्यको विश्लेषण गरेको छ। पहिलो परिदृश्यमा द्वन्द्वका कारण हुने अवरोधहरू छोटो समयमै सीमित रहन्छन् र ऊर्जा तथा आपूर्ति प्रणाली छिट्टै सामान्य अवस्थामा फर्किन्छन् । यस अवस्थामा विश्व अर्थतन्त्रमा पर्ने असर पनि तुलनात्मक रूपमा कम र अल्पकालीन हुन्छ। दोस्रो परिदृश्यमा भने द्वन्द्व लामो समयसम्म जारी रहन्छ, जसले ऊर्जा मूल्यमा निरन्तर उतारचढाव, आपूर्ति शृङ्खलामा अवरोध र व्यापारिक लागतमा वृद्धि ल्याउनेछ, जसका कारण विश्व अर्थतन्त्रमा दीर्घकालीन र व्यापक नकारात्मक प्रभाव पर्ने अनुमान गरिएको छ।

आधारभूत अनुमान अनुसार, संयुक्त राज्य अमेरिका र इरानबीच शान्ति सम्झौताको सम्भावना क्रमशः बलियो हुँदै जाने र यसले मध्यपूर्व क्षेत्रमा तनाव कम गर्न मद्दत गर्ने अपेक्षा गरिएको छ। साथै, सन् २०२६ को मध्यतिरदेखि ऊर्जा मूल्यहरू क्रमशः घट्दै जाने सम्भावना पनि व्यक्त गरिएको छ, जसले विश्व बजारमा केही राहत प्रदान गर्नेछ । यी सबै अवस्थालाई ध्यानमा राख्दा सन् २०२६ मा विश्व अर्थतन्त्र सुस्त भए पनि त्यसपछि सुधारतर्फ उन्मुख हुने र सन् २०२७ मा पुनः वृद्धि गति बढ्ने अनुमान गरिएको छ।


विश्रामपुर गाउँपालिका
विश्रामपुर, बारा

जनहितका लागि जारी गरिएको सन्देश

- सार्वजनिक स्थलमा फोहोर नफालौं, गाउँलाई सफा राखौं,
- छोरा छोरीमा भेदभाव नगरौं । दुबै समाजका सम्पत्ति हुन् । बालबालिकाको लालनपालन र शिक्षा दिक्षामा लगानी गरौं,
- जन्म, विवाह, बसाईँसराईँ, मृत्यू आदि व्यक्तिगत घटनाहरु दर्ता गरौं,
- आफ्नो व्यक्तिगत आम्दानी, घर बहाल वा व्यवसायको कर समयमा तिरौं,
- बालश्रमको प्रयोग नगरौं । बालश्रम मुक्त नगर बनाऔं, सबै बालबालिकाहरुलाई विद्यालय पठाऔं,
- गाउँको विकासमा योगदान गरौं, नगरका हरेक गतिविधिमा चासो राखौं ।
- प्लाष्टिकजन्य पदार्थ लगायत फोहोर सामाग्रीहरु नबालौं । यस्ता सामान बाल्दा कार्सिनोजेन उत्पन्न भई क्याम्पस जस्तो भयाबह रोग लाग्न सक्छ,
- गाउँलाई वातावरणमैत्री गाउँको रुपमा विकास गरौं, वातावरणमैत्री स्थानीय साशन अबलम्बन गरौं ।
- घरबाट निस्कने फोहोरलाई कुहिने र नकुहिने गरी २ भागमा छुट्याएर कुहिनेलाई कम्पोट मल बनाई प्रयोग गरौं वा फोहोर संकलन बहानमा मात्र फोहोर फाल्ने बानी बसालौं ।

प्रमुख प्रसाशकीय अधिकृत



जनहितमा जारी सन्देश

महिलामाथि हुने शारीरिक, मानसिक, यौनिक र मनोवैज्ञानिक हिंसानै महिला हिंसा हो। त्यस्ता हिंसा सामाजिक तथा कानूनी रुपमा अपराध हुन् । कोही कसैबाट त्यस्ता कार्य भए तत्काल स्थानीय जनप्रतिनिधि, न्यायिक समिति तथा प्रहरीमा खबर गरौं ।

सुवर्ण गाउँपालिका
कवहीगोठ, बारा


# मधेशमा मन्त्रालय कटौतीको तयारी, १२ बाट ९ मा झार्ने गृहकार्य सुरु

***जनकपुरधाम, २० जेठ***




प्रशासनिक खर्च न्यूनीकरण र सरकारलाई थप छरितो तथा प्रभावकारी बनाउने उद्देश्यसहित मधेश प्रदेश सरकारले मन्त्रालयहरूको संख्या घटाउने प्रक्रिया औपचारिक रूपमा अघि बढाएको छ। यसका लागि प्रदेश सरकारले उच्चस्तरीय कार्यदल गठन गर्दै मन्त्रालय पुनर्संरचनाको गृहकार्य सुरु गरेको छ । मंगलबार बसेको प्रदेश मन्त्रिपरिषद् बैठकले अर्थमन्त्री युवराज भट्टराईको संयोजकत्वमा तीन सदस्यीय कार्यदल गठन गर्ने निर्णय गरेको हो। कार्यदलमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयकी सचिव पार्वती शर्मा र ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयका सचिव होमनाथ पौडेल सदस्य रहेका छन् ।

सरकारले कार्यदललाई मन्त्रालयहरूको वर्तमान संरचना, कार्यक्षेत्र, जनशक्ति व्यवस्थापन, प्रशासनिक खर्च तथा कार्यसम्पादनको प्रभावकारिताबारे अध्ययन गरी पुनर्संरचनाका लागि ठोस सुझाव पेश गर्ने जिम्मेवारी दिएको छ । कार्यदलले समान प्रकृतिका मन्त्रालयहरूलाई गाभ्ने सम्भावना, आवश्यक मन्त्रालयको संख्या तथा नयाँ संरचनाबारे विस्तृत प्रतिवेदन तयार पार्नेछ । मधेश प्रदेशमा नयाँ सत्ता समीकरण गठन भएपछि सरकार सञ्चालनलाई प्रभावकारी बनाउने विषय प्रमुख एजेन्डाका रूपमा उठाइएको थियो । सत्ता साझेदार दलहरूबीच भएको १५ बुँदे राजनीतिक सहमतिमा मन्त्रालयको संख्या घटाई प्रशासनिक खर्च नियन्त्रण गर्ने तथा सुशासन प्रवर्द्धन गर्ने विषयलाई प्राथमिकताका साथ समेटिएको थियो ।

हाल मधेश प्रदेशमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित १२ वटा मन्त्रालय सञ्चालनमा रहेका छन् । तर सत्ता साझेदार दलहरूबीचको सहमतिअनुसार मन्त्रालयको संख्या घटाएर ९ वटामा सीमित गर्ने तयारी गरिएको छ । यसबाट प्रशासनिक दोहोरोपन हट्ने, निर्णय प्रक्रिया छिटो हुने तथा सरकारी खर्चमा उल्लेखनीय कटौती हुने अपेक्षा गरिएको छ ।

सरकार स्रोतका अनुसार कार्यदलको प्रतिवेदन प्राप्त भएपछि मन्त्रालय गाभ्ने प्रक्रिया अघि बढाइनेछ । त्यसपछि मन्त्रिपरिषद्को संरचनामा समेत फेरबदल गरी नयाँ स्वरूपमा सरकार सञ्चालन गर्ने तयारी गरिएको छ । मन्त्रालय कटौतीको निर्णयलाई मधेश प्रदेशमा सुशासन र खर्च नियन्त्रणतर्फको महत्वपूर्ण कदमका रूपमा हेरिएको छ ।

# दुई वर्षदेखि तलबविहीन कर्मचारीको आन्दोलन चर्कियो, कटहरिया नगरपालिकामा तालाबन्दी

***शु.आ. सम्बाददाता***
***रौतहट, २० जेठ***



करिब दुई वर्षदेखि तलब नपाएको भन्दै आन्दोलनरत कटहरिया नगरपालिकाका करार तथा ज्यालादारी कर्मचारीहरूले आन्दोलनलाई थप सशक्त बनाएका छन् । आफ्ना मागप्रति नगरपालिका प्रशासन गम्भीर नबनेको आरोप लगाउँदै कर्मचारीहरूले नगरपालिकाको कार्यालयमा तालाबन्दी गरेका छन् ।

कर्मचारीहरूका अनुसार गत जेठ ११ गतेदेखि चरणबद्ध आन्दोलन सुरु गरिएको थियो । प्रारम्भमा प्रमुख प्रशासकीय अधिकृतको कार्यकक्ष बाहेक अन्य शाखाहरूमा तालाबन्दी गरिएको भए पनि माग सम्बोधनतर्फ कुनै प्रगति नदेखिएपछि सोमबारदेखि प्रमुख प्रशासकीय अधिकृत हरिप्रसाद पन्तको कार्यकक्षमा समेत तालाबन्दी गरिएको हो ।

आन्दोलनरत कर्मचारी मुकुन्द यादवले लामो समयदेखि पारिश्रमिक नपाउँदा कर्मचारीहरू आर्थिक संकटसँगै मानसिक तनावमा बाँच्न बाध्य भएको बताए। उनका अनुसार कर्मचारीहरूले पटक-पटक ध्यानाकर्षण गराउँदा कहिलेकाहीँ एक-दुई महिनाको तलब उपलब्ध गराइए पनि बक्यौता भुक्तानीको मूल समस्या भने यथावत् रहेको छ ।

कर्मचारी रामानन्द पासवानले नियमित तलब नपाउँदा घरपरिवार चलाउन समेत कठिनाइ भइरहेको गुनासो गरे । उनले कर्मचारीहरूको जायज मागप्रति नगरपालिका नेतृत्व उदासीन बनेको आरोप लगाउँदै तत्काल बक्यौता भुक्तानी गर्न माग गरे ।

तलब नपाउँदाको पीडा झन् मार्मिक बनेको छ कटहरिया नगरपालिका-२ हथियाहीका कार्यालय सहयोगी श्रीराउत बरैको अवस्थामा। क्यान्सर रोगबाट पीडित बरै विगत डेढ महिनादेखि भरतपुर क्यान्सर अस्पतालमा उपचाररत छन् । परिवारका सदस्यहरूका अनुसार नगरपालिकाबाट करिब २० महिनाको तलब नपाउँदा उपचार खर्च जुटाउन गम्भीर समस्या उत्पन्न भएको छ।

समाजसेवी विनोदलाल कर्णका अनुसार एकातिर जीवन रक्षाका लागि रोगसँग संघर्ष गरिरहेका बरैको परिवार अर्कोतर्फ आर्थिक अभावसँग जुधिरहेको छ। उपचार, औषधि, अस्पताल बसाइ तथा आवतजावत खर्च व्यवस्थापन गर्न परिवारलाई निकै कठिन भइरहेको उनले बताए ।

हाल बिरामी बरैको उपचार तथा हेरचाहको जिम्मेवारी उनका ज्वाइँ महेन्द्र प्रसाद चौरसियाले सम्हालिरहेका छन्। परिवारले सम्बन्धित निकायसँग मानवीय संवेदनशीलता देखाउँदै बक्यौता तलब तत्काल उपलब्ध गराउन आग्रह गरेको छ ।

कर्मचारीहरूको आन्दोलनका कारण कटहरिया नगरपालिकाको दैनिक प्रशासनिक सेवा प्रभावित बनेको छ। विभिन्न शाखामा तालाबन्दी भएपछि सेवाग्राहीहरूले समेत सास्ती भोग्नुपरेको अवस्था छ। आन्दोलनरत कर्मचारीहरूले बक्यौता तलब भुक्तानी र आफ्ना मागहरूको स्पष्ट सम्बोधन नभएसम्म आन्दोलन जारी रहने चेतावनी दिएका छन् ।

लामो समयदेखि तलब नपाउँदा कर्मचारीहरूको जीवनयापन, स्वास्थ्य उपचार, बालबालिकाको शिक्षा तथा पारिवारिक व्यवस्थापनमा गम्भीर असर परेको भन्दै उनीहरूले संघीय, प्रदेश तथा स्थानीय सरकारको ध्यानाकर्षण गराएका छन् । कर्मचारीहरूको समस्याले अब केवल श्रम अधिकारको प्रश्न मात्र नभई मानवीय संवेदनासँग जोडिएको विषय बनेको स्थानीयवासीहरूको भनाइ छ।


देवताल गाउँपालिका द्वारा जनहितमा जारी सन्देश

- गाउँपालिका लाई बुझाउनु पर्ने घर, जग्गा कर मालपोत दस्तुर ब्यावसाय कर लगायत कर नियमित गरौं ।
- घटना घटेको ३५ दिनभित्र ब्यक्तिगत घटना दर्ता गरौं ।
- भवन निर्माण मापदण्ड २०६४ र भवन संहिता गाउँपालिकामा नक्सा पास गरेर मात्र घर निर्माण गरौं ।
- सार्वजनिक सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं ।
- आफ्नो घर आँगनबाट उतपन्न हुने फोहोरलाई उचित ब्यवस्थापन गरि सफा र सुन्दर गाउँपालिका बनाउन सहयोग गरौं ।

देवताल गाउँपालिकाको कार्यालय, पिप्राढीगोठ, बारा



समाजिक सञ्जालको दुरुपयोग नगरौं ।

मो.सा चलाउँदा हेल्मेटको अनिवार्य प्रयोग गरौं ।

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - बहुदरमाई नगरपालिका पर्सा

# बारामा ५२ हजार रूपैयाँभन्दा बढी मूल्यको अवैध धानको बिउ बरामद

शु.आ. सम्बाददाता
कलैया,२० जेठ



बारा प्रहरीले भारतबाट भन्सार छली गरी नेपाल भित्र्याइएको अवैध धानको बिउ बरामद गरेको छ। जिल्ला प्रहरी कार्यालय बाराले करिब ५२ हजार २ सय रुपैयाँ बराबरको धानको बिउ नियन्त्रणमा लिइएको जानकारी दिएको छ ।

जिल्ला प्रहरी कार्यालय बाराको प्रवक्ता एवम् प्रहरी नायब उपरीक्षक मिनबहादुर घलेको अनुसार बुधबार बिहान करिब ११:३० बजे इलाका प्रहरी कार्यालय छतवाबाट प्रहरी नायब निरीक्षक दलबहादुर श्रेष्ठको नेतृत्वमा खटिएको गस्ती टोलीले विशेष सूचनाका आधारमा विश्रामपुर गाउँपालिका-१ कल्याणपुर क्षेत्रमा निगरानी गरिरहेको थियो। सो क्रममा भारतबाट भन्सार छली गरी मोटरसाइकलमार्फत नेपालतर्फ ल्याइँदै गरेको धानको बिउ फेला परेको प्रहरीले जनाएको छ ।

प्रहरीले ना.४१ प ३३७४ नम्बरको मोटरसाइकलमा राखेर ल्याइँदै गरेको पाँच बोरा र दुई प्याकेट धानको बिउ बरामद गरेको हो। बरामद गरिएको बिउको अनुमानित मूल्य ५२ हजार २ सय रुपैयाँ रहेको प्रहरीले जनाएको छ। गस्ती टोलीलाई देख्नेबित्तिकै बिउ ल्याउँदै गरेको व्यक्ति मोटरसाइकल तथा सामान छाडेर फरार भएका थिए। फरार व्यक्तिको खोजी कार्य जारी रहेको र घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ।

प्रहरीले बरामद गरिएको धानको बिउ तथा मोटरसाइकल नियन्त्रणमा लिएर आवश्यक कानुनी प्रक्रिया अघि बढाएको छ। पछिल्लो समय सीमावर्ती क्षेत्रबाट भन्सार छली गरी कृषि सामग्री, खाद्यान्न तथा विभिन्न उपभोग्य वस्तु भित्र्याउने क्रम बढ्दै गएको अवस्थामा प्रहरीले निगरानी र नियन्त्रण अभियानलाई थप प्रभावकारी बनाएको जनाएको छ।

जिल्ला प्रहरी कार्यालय बाराका प्रवक्ता प्रहरी नायब उपरीक्षक (डीएसपी) मिनबहादुर घलेले सीमावर्ती क्षेत्रमा अवैध आयात-निर्यात नियन्त्रणका लागि नियमित गस्ती तथा विशेष निगरानी जारी रहेको बताउँदै यस्ता गतिविधिमा संलग्न व्यक्तिविरुद्ध कडा कारबाही गरिने चेतावनी दिएका छन्।

# रास्वपाको जिराभवानी गाउँपालिका अधिवेशन सम्पन्न, रामाकान्त चौधरीको नेतृत्वमा नयाँ कार्यसमिति चयन

हरिकिशोर शर्मा
पर्सा, २० जेठ



राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) जिराभवानी गाउँपालिका, पर्साको प्रथम गाउँपालिका अधिवेशन सम्पन्न भएको छ। पार्टीको संगठन सुदृढीकरण तथा विस्तार अभियानअन्तर्गत आयोजित अधिवेशनले रामाकान्त प्रसाद चौधरीको नेतृत्वमा नयाँ गाउँपालिका कार्यसमिति सर्वसम्मत रूपमा चयन गरेको हो।

रास्वपा पर्सा जिल्ला कार्यसमितिको निर्देशनअनुसार गाउँपालिका तहमा संगठन निर्माण तथा पुनर्गठन अभियान सञ्चालन भइरहेको छ। सोही अभियानअन्तर्गत जिराभवानी गाउँपालिकाको अधिवेशन सम्पन्न गरिएको पार्टीले जनाएको छ। अधिवेशनले स्थानीय तहमा पार्टी संगठनलाई थप सक्रिय, सशक्त र जनमुखी बनाउने लक्ष्य लिएको छ।

अधिवेशन जिल्ला प्रतिनिधि पूर्णबहादुर सापकोटा, जिल्ला सदस्य तथा रास्वपा जिराभवानीका सभापति दिलिप प्रसाद कुर्मीको अध्यक्षतामा सम्पन्न भएको थियो। कार्यक्रममा पार्टीका नेता, कार्यकर्ता तथा शुभेच्छुकहरूको उल्लेखनीय उपस्थिति रहेको थियो। उपसभापति सन्जय राय थारु, सचिव लहवर राम, सदस्य सुमित बरालगायतले संगठन विस्तार, जनसरोकारका मुद्दा र आगामी राजनीतिक कार्ययोजनाका विषयमा धारणा राखेका थिए।

अधिवेशनले रामाकान्त प्रसाद चौधरीलाई सभापतिमा चयन गर्दै ११ सदस्यीय गाउँपालिका कार्यसमिति गठन गरेको छ। नवगठित समितिमा सन्जय राय थारु उपसभापति, लहवर राम सचिव तथा सरस्वती महतो थारु सहसचिव चयन भएका छन्। त्यसैगरी मातृका प्रसाद लामिछाने, सुमित बराल, पुतरिया देवी, साधना देवी, आत्माराम थारु, राजकिशोर दास थारु र सन्दीप मुखिया बिन सदस्यमा चयन भएका छन्।

त्यसैगरी अधिवेशनले लेखनाथ बरालको संयोजकत्वमा पाँच सदस्यीय सल्लाहकार समिति पनि गठन गरेको छ। समितिका सदस्यहरूमा रमेश प्रसाद यादव, बिरेन्द्र साह कानु, भुखली देवी तथा हिरामती राम रहेका छन्।

नवनिर्वाचित सभापति चौधरीले पार्टीको नीति, सिद्धान्त र सुशासनको एजेन्डालाई गाउँस्तरसम्म प्रभावकारी रूपमा पुर्‍याउने प्रतिबद्धता व्यक्त गर्नुभयो। उहाँले जनताका समस्या, आवश्यकता र अपेक्षालाई केन्द्रमा राखेर संगठनलाई गतिशील बनाइने बताउनुभयो।

रास्वपाले पर्सा क्षेत्र नम्बर ४ अन्तर्गतका अन्य पालिकाहरूमा पनि अधिवेशन सम्पन्न गर्ने कार्यक्रम रहेको जनाएको छ। पार्टी नेतृत्वले अधिवेशनमार्फत स्थानीय संगठनलाई थप मजबुत बनाउँदै आगामी दिनमा जनतामाझ आफ्नो उपस्थितिलाई अझ प्रभावकारी बनाउने लक्ष्य लिएको जनाएको छ।

# मेयर-उपमेयर कप अन्तरविद्यालयस्तरीय फुटबल प्रतियोगिता सुरू, विजेतालाई ५० हजार रूपैयाँ पुरस्कार

*साजिर मन्सूर*
*कलैया, २० जेठ*



कलैया उपमहानगरपालिका नगर खेलकुद विकास समितिको आयोजनामा मेयर-उपमेयर कप अन्तरविद्यालयस्तरीय छात्र-छात्रा फुटबल प्रतियोगिता २०८३ बुधबारदेखि भव्य रूपमा सुरु भएको छ। नव निर्माण गरिएको कलैया उपमहानगरपालिका-२५ स्थित सिसहनिया खेल मैदानमा आयोजित एक समारोहबीच उपप्रमुख रौशन प्रविणले प्रतियोगिताको उद्घाटन गरेका हुन्।

उद्घाटन समारोहलाई सम्बोधन गर्दै उपप्रमुख प्रविणले खेलकुदले विद्यार्थीहरूको शारीरिक, मानसिक तथा बौद्धिक विकासमा महत्वपूर्ण योगदान पुर्‍याउने बताइन्। विद्यालय तहबाटै खेल प्रतिभाको पहिचान र विकास गर्न यस्ता प्रतियोगिताले महत्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गर्दै उनले खेल क्षेत्रको विकासका लागि उपमहानगरपालिका प्रतिबद्ध रहेको बताइन्।

प्रतियोगितामा कलैया उपमहानगरपालिका क्षेत्रभित्रका विभिन्न सामुदायिक तथा संस्थागत विद्यालयका छात्र र छात्रा टोलीहरूको सहभागिता रहेको आयोजक नगर खेलकुद विकास समितिले जनाएको छ। प्रतियोगितामार्फत विद्यालयस्तरमा रहेका प्रतिभावान खेलाडीहरूको पहिचान, खेल संस्कृतिको विकास तथा युवा पुस्तामा खेलप्रति आकर्षण बढाउने लक्ष्य राखिएको छ।

नव निर्माण गरिएको सिसहनिया खेल मैदानमा पहिलोपटक ठूलो स्तरको खेलकुद प्रतियोगिता आयोजना गरिएको भन्दै स्थानीयवासीले खुसी व्यक्त गरेका छन्। खेल मैदान सञ्चालनमा आएपछि स्थानीय खेलाडीलाई अभ्यास र प्रतिस्पर्धाका लागि सहज वातावरण सिर्जना भएको उनीहरूको भनाइ छ। प्रतियोगिता जेठ २७ गतेसम्म सञ्चालन हुने आयोजकले जनाएको छ। प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्ने छात्र तथा छात्रा टोलीलाई नगद पुरस्कारसहित सम्मान गरिनेछ। आयोजकका अनुसार विजेता टोलीले ५० हजार रुपैयाँ र उपविजेता टोलीले २५ हजार रुपैयाँ नगद पुरस्कार प्राप्त गर्नेछन्।

नगर खेलकुद विकास समितिका अध्यक्ष एम. समिउल्लाहको अध्यक्षतामा सम्पन्न उद्घाटन समारोहमा वडा नम्बर २५ का अध्यक्ष चन्दन पटेल, वडा नम्बर २ का अध्यक्ष राजेश मण्डल, कार्यपालिका सदस्य लिलावती कुमारी लोहार, स्वास्थ्य शाखा प्रमुख तथा नगर खेलकुद विकास समितिका महासचिव शैलेश महतो, स्वास्थ्य संयोजक मनोज यादव, अमर माध्यमिक विद्यालय दोहरीका प्रधानाध्यापक जियालाल चौधरी, खो-खो प्रशिक्षक क्यामुदिन मन्सूर, बारा जिल्ला फुटबल संघका कोषाध्यक्ष विनोद कुमार गुप्ता, पूर्व जिल्ला फुटबल प्रशिक्षक कृष्णमणि चौधरी, खेलप्रेमी विनोद तुलाधर, शिक्षक, विद्यार्थी तथा स्थानीयवासीहरूको उल्लेखनीय उपस्थिति रहेको थियो।

स्थानीय तहको पहलमा आयोजना गरिएको यस प्रतियोगिताले खेलकुदमार्फत अनुशासन, नेतृत्व क्षमता, प्रतिस्पर्धात्मक भावना तथा सामाजिक सद्भाव अभिवृद्धि गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ।

# फरार प्रतिवादी पक्राउ अभियानमा रौतहट प्रहरी सक्रिय, एकैदिन १० जना पक्राउ

*शु.आ. सम्बाददाता*
*रौतहट, २० जेठ*




अदालतबाट दोषी ठहर भई सजाय तथा जरिवाना भुक्तान नगरी फरार रहेका प्रतिवादीहरूलाई पक्राउ गर्ने अभियानलाई तीव्र बनाएको रौतहट प्रहरीले एकैदिन १० जना फरार प्रतिवादीलाई नियन्त्रणमा लिएको छ।

जिल्ला प्रहरी कार्यालय रौतहटले सञ्चालन गरेको विशेष अभियानअन्तर्गत मंगलबार विभिन्न मुद्दाका प्रतिवादीहरू पक्राउ परेका हुन्। जिल्ला प्रहरी कार्यालय तथा मातहतका प्रहरी इकाइबाट खटिएको विशेष टोलीले जिल्लाका विभिन्न स्थानमा लुकिछिपी बसिरहेका प्रतिवादीहरूलाई खोजी गरी पक्राउ गरेको जनाएको छ। पक्राउ परेकामध्ये बैंकिङ कसूर, मुद्रा सम्बन्धी कसूर, डाँका तथा चोरी र चेक अनादर मुद्दाका अभियुक्तहरू रहेका छन्।

प्रहरीका अनुसार पक्राउ परेकामध्ये चेक अनादर मुद्दाका प्रतिवादीहरूको संख्या सबैभन्दा बढी छ। यस्तै डाँका तथा चोरी मुद्दामा अदालतबाट एक वर्ष कैद र १० हजार रुपैयाँ जरिवाना सजाय ठहर भएका परोहा नगरपालिका-२ निवासी जयराम राय यादवलाई पनि प्रहरीले नियन्त्रणमा लिएको छ।

त्यसैगरी मुद्रा सम्बन्धी कसुर मुद्दामा कटहरिया नगरपालिका-२ का शेख सदाम, बैंकिङ कसूर मुद्दामा चन्द्रपुर नगरपालिका-८ का महेश कुमार चौधरी तथा चेक अनादर मुद्दाका अन्य विभिन्न प्रतिवादीहरू पक्राउ परेका छन्। पक्राउ परेका व्यक्तिहरूमाथि अदालतले तोकेको कैद तथा जरिवाना कार्यान्वयनका लागि आवश्यक प्रक्रिया अघि बढाइएको प्रहरीले जनाएको छ। प्रहरीका अनुसार पक्राउ परेका १० जना प्रतिवादीबाट कुल १ वर्ष ४ महिना २८ दिन कैद सजाय र २१ हजार ८ सय रुपैयाँ जरिवाना असुल हुन बाँकी रहेको थियो। फरार रहँदै आएका उनीहरूलाई पक्राउ गरी फैसला कार्यान्वयन प्रक्रियामा ल्याइएको हो।

जिल्ला प्रहरी कार्यालय रौतहटका सूचना अधिकारी तथा प्रहरी नायब उपरीक्षक (डीएसपी) बसन्त गौतमले पक्राउ परेका सबै प्रतिवादीलाई मंगलबार नै फैसला कार्यान्वयनका लागि रौतहट जिल्ला अदालत गौरमा उपस्थित गराइएको जानकारी दिए। उनले समाजमा दण्डहीनताको अन्त्य तथा कानुनी शासनको प्रत्याभूति गराउन फरार प्रतिवादी पक्राउ अभियानलाई प्राथमिकताका साथ सञ्चालन गरिएको बताए।

प्रहरीले पछिल्लो समय अदालतबाट फैसला भइसकेपछि फरार रहेका प्रतिवादीहरूको खोजी कार्यलाई तीव्र बनाएको छ। अभियानअन्तर्गत जिल्लाभर नियमित रूपमा खोजतलास र निगरानी बढाइएको प्रहरीले जनाएको छ। कानुनी दायराबाट उम्किने प्रयास गर्ने व्यक्तिहरूलाई पक्राउ गरी अदालतको फैसला कार्यान्वयन गराउने कार्य आगामी दिनमा पनि निरन्तर जारी रहने डीएसपी गौतमले बताए।

फरार प्रतिवादी पक्राउ अभियानलाई रौतहट प्रहरीको प्रभावकारी कदमका रूपमा हेरिएको छ। यसबाट अदालतका फैसला कार्यान्वयनमा सहयोग पुग्नुका साथै समाजमा कानुनप्रतिको विश्वास र दण्डहीनता अन्त्य गर्न टेवा पुग्ने अपेक्षा गरिएको छ।


## फेटा गाउँपालिका द्वारा जनहितमा जारी सन्देश

- गाउँपालिका लाई बुझाउनु पर्ने घर, जग्गा कर मालपोत दस्तुर व्यावसाय कर लगायत कर नियमित गरौं ।
- घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं ।
- भवन निर्माण मापदण्ड २०६४ र भवन संहिता गाउँपालिकामा नक्सा पास गरेर मात्र घर निर्माण गरौं ।
- सार्वजनिक सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं ।
- आफ्नो घर आँगनबाट उतपन्न हुने फोहोरलाई उचित व्यवस्थापन गरि सफा र सुन्दर गाउँपालिका बनाउन सहयोग गरौं ।

**फेटा गाउँपालिकाको कार्यालय, फेटा, बारा**

**विज्ञापनको लागि हामीलाई सम्झिनुहोस् ।**
**सम्पर्क नम्बर : ९८४५२२६३०५**

**व्यक्तिगत घटना जस्तै जन्मदर्ता, विवाहदर्ता, मृत्यु दर्ता तथा सम्बन्ध बिच्छेद समयमै सम्बन्धित कार्यालयमा गई दर्ता गराऔं ।**

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - बृन्दाबन नगरपालिका